




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily








❑ वर्ष २२ ❑ अङ्क ९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ८ गते बुधबार ❑ 21 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।–


## एमालेका ३२ सांसदलाई स्पष्टीकरण

**रासस**
**काठमाडौं, ७ बैशाख**

नेकपा (एमाले)ले पार्टीका नेता माधवकुमार नेपालसहित ३२ सांसदलाई स्पष्टीकरण सोधेको छ । पार्टीको मंगलबार बसेको केन्द्रीय महाविधेशन आयोजक कमिटीले पार्टी गतिविधि र संसदीय दलको अनुशासन उल्लघङ्न गरेका आरोपमा २७ सङ्घीय सांसद र कर्णाली प्रदेशका पाँच प्रदेशसभा सदस्यलाई स्पष्टीकरण सोधेको हो।

सबैलाई एमालेको विधान २०४९ (संशोधन २०७१) र राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा भएको व्यवस्थानुसार स्पष्टीकरण सोधिएको एमाले कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिए । पार्टी अध्यक्ष तथा (एमाले) संसदीय दलका नेता केपी शर्मा ओलीले सोधेको स्पष्टीकरणको पत्र मंगलबारनै ती नेतालाई पठाइएको छ । उनका अनुसार दुई दिनभित्र स्पष्टीकरणको जवाफ पेश गर्न निर्देशन दिइएको छ । उनीहरु सबैलाई एमालेको विधान २०४९ (संशोधन २०७१) को धारा ४९ (क) (१) देखि (७) र (१२) र (१४) मा भएका व्यवस्थाविपरीत अनुशासन उल्लङ्घन गरेकाले विधानको धारा ४९ (ख) (ग) धारा ५० बमोजिम र राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा १(ग) बमोजिम कारवाही किन नगर्ने भनेर स्पष्टीकरण सोधिएको छ।

उनीका अनुसार स्पष्टीकरण सोधिनेमा पूर्वप्रधानमन्त्री नेपाल र झलनाथ खनालसहित भीमबहादुर रावल, सुरेन्द्रप्रसाद पाण्डे, घनश्याम भुसाल, योगेशकुमार भट्टराई, प्रकाश ज्वाला, झपट रावल, मेटमणि चौधरी, रामकुमारी झाँक्रीलगायत रहेका छन् । यसअघि पार्टीले नेता नेपालसहित, रावल, भुसाल र पाण्डेलाई छ महीनाका लागि पार्टीबाट निलम्वन गरेको थियो।

## मानव स्वास्थ्य माथी खेलवाड गर्ने पोखराका ३ कम्पनी कारवाहीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

मानव स्वास्थ्य माथि नै खेलवार्ड गर्ने पोखराका ३ वटा कम्पनी कारवाहीमा परेका छन्। पोखरामा हालै गरिएको बजार अनुगमनको क्रममा अन्नपूर्ण फुड्स एण्ड वेवरेज, हिम सागर मेडिकल हल, न्यू दाई दाङ भ्याली सप्लायर्स कारवाहीमा परेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताए।

उनका अनुसार बजार अनुगमनको क्रममा तीन कम्पनी सहित प्रकाश शुभ हार्डवयर समेत कारवाहीमा परेको हो। पिउने पानी उत्पादन गर्दै आएको अन्नपूर्ण फुड्स एण्ड वेवरेज प्रालि, हिम सागर मेडिकल हलले अनुमति विना पसल संचालन गरेको न्यू दाई दाङ भ्याली सप्लायर्सले मुल्य सूचि नराखेको र प्रकाश हार्डवयरले बिल बिजक नराखेको लगायतका अन्य कारणले गर्दा उनीहरु कानूनि कारवाही भोग्नु पर्ने भएको सहायक प्र.जि.अ.पौडेलले बताए । साथै उनीहरुबाट ५ लाख ५० हजार राजश्व समेत संकलन गर्न सफल भएको उनले बताए।

वेवरेजलाई २ लाख, हाडवयरलाई २ लाख ५० हजार, मेडिकल र सप्लायर्सलाई जनही ५०/५० हजार जरिवाना गरिएको सहायक प्र.जि.अ.पौडेलले जनाए । त्यस्तै पोखराको न्यूरोडमा रहेको जर्मन बेकरी र काठमाण्डौं बेकरी समेत अनुगमनको क्रममा चेतावनी पाएका छन्। जर्मन बेकरीले आवश्यक काजपत्र पेश नगरेको र काठमाण्डौं बेकरीको सरसफाईमा कमी भएकोले एक पटकलाई सम्झाई बुझाई छाडिएको उनदले जनाए । बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला प्रहरी कायर्कालय कास्की, उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय पोखरा, गुणस्तर तथा नापतौल कार्यालय पोखरा, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पोखरा एवं राष्ट्रिय उपभोक्ता मञ्चका प्रतिनिधिहरु अनुगमनमा निस्केको थियो । बजार अनुगमन तथा निरिक्षणका क्रममा पोखरा महानगरपालिका क्षेत्र भित्रका प्रशोधित खानेपानी उत्पादक, निर्माण सामाग्रि बिक्रेता, बेकरी उद्योग फ्रेस हाउस, केही उद्योग प्रतिष्ठानले बिल बिजक जारी नगरेको उपभोग्य म्याद नाघेको बस्तु बिक्रिमा राखेको, कानुन बमोजिम दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले बताए। कानुन विपरित कार्य गरेको पाइएकोले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम बिभिन्न केही फर्मबाट ५ लाख ५० हजार रुपैया जरिवना गरिएको पौडेलले बताए । अनुगमनको क्रममा सामान्य रुपमा देखिएका कैफियतलाई तत्काल सुधार गर्न निर्देशन दिएको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ।

## एमालेमै छौ, नेपाल समूह, स्पष्टीकरणको जवाफ दिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

नेकपा एमालेको माधवकुमार नेपाल समूहका सांसदहरुले पार्टी अध्यक्ष एवं संसदीय दलका नेता केपी शर्मा ओलीले सोधेको स्पष्टीकरणको जवाफ दिने भएका छन् ।

अध्यक्ष ओलीले २७ प्रतिनिधिसभा सदस्यलाई स्पष्टीकरण सोधेपछि मंगलबार नेपाल समूहका सांसदहरुको बैठक बसेको थियो । बैठकमा सांसदहरुले क–कसलाई के स्पष्टीकरण सोधिएको छ भनेर हेरेका थिए । 'चार जना नेताहरुलाई सोधिएको व्यहोरामा थोरै फेरवदल छ । अरुलाई एउटै व्यहोराको छ' सांसद झपट रावलले भने, 'पूर्वतरिका साथ रेडिमेट स्पष्टीकरण सोधिएको रहेछ ।' पार्टीमा अध्यक्ष ओलीले २८ फागुन र त्यसयता पार्टीमा गरेको मनोमानीको प्रतिवाद गरेकै कारण आफूहरुलाई स्पष्टीकरण सोधिएको सांसदहरुले निष्कर्ष निकालेका छन् ।

अर्को पार्टी बनाएको भनी लगाएको आरोप कपोकल्पित र भ्रामक भएको भन्दै सांसदहरुले त्यसको राजनीतिक र कानूनी रुपमा प्रतिवाद गर्ने निर्णय गरेका छन् । बैठकमा सहभागी सांसद रामकुमारी झाँकीले भनिन्, 'हामीले दल बदल गरेका छैनौं, राजीनामा पनि दिएका छैनौं । अर्को पार्टी खोलेका पनि छैनौं । दर्ता गर्ने मनसाय पनि छैन । एमालेको केन्द्रीय सदस्य हौं, एमालेको सांसद हौं ।' अघि भनिन्, 'उहाँहरुको इच्छा त हामी छोडेर जाउन् भन्ने छ, तर हामी छोडेर जाँदैनौं, यही लड्छौं ।' पार्टी अध्यक्ष एवं संसदीय दलको नेताले सोधेको स्पष्टीकरणको जवाफ दिएर आफ्नो प्रतिरक्षा गर्ने र राजनीतिक लडाईं पनि सँगसँगै लैजाने सांसदहरुले बताएका छन्।

## पत्रकार महासंघ कास्कीको सफत ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

नेपाल पत्रकार महासंघले कोरोनाका कारण संचार क्षेत्रहरु प्रभावित भएको र यसबाट केही पत्रकारहरु समेत प्रभावित भएकोले यसको लागि आगामी बजेटमा केही सम्बोधन गर्ने गरी राहत प्याकेज ल्याउन माग गरेको छ।

नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष विपुल पोखरेल सहितको टोलीले मंगलबार अर्थ मन्त्री बिष्णु पौडेलसंग भेटवार्ता गरी कोरोनाबाट प्रभावित भएका संचार क्षेत्र र पत्रकारको लागि राहत प्याकेज ल्याउन माग गरिएको अध्यक्ष पोखरेलले जनाए।



नेपाल पत्रकार महासंघ कास्कीको पदस्थापना समारोहमा वोल्दै अध्यक्ष पोखरेलले पत्रकार र संचार क्षेत्रको लागि आगामी बजेटले केही न केही राहत प्याकेज आउने गरी अर्थ मन्त्री पौडेलले आश्वासन दिएको उनले जनाए । राहत प्याकेजमा के के रहने भन्ने बिषयमा पछि गृहकार्य गर्ने बिषयमा मौखिक सहमती भएको अध्यक्ष पोखरेलले जनाए । पत्रकारको हकहितको लागि, प्रेस स्वतन्त्रताको पक्षमा, समाचार लेखेकै कारण कुनै पनि पत्रकारले मुद्दा मामिला झेल्न नपर्ने गरी महासंघले उनीहरुको पक्षमा वकालत गर्ने अध्यक्ष पोखरेलले जनाए। चुनावी मैदानमा उर्त्रिदा जुन प्यानल र समुहमा संगठित भए पनि अब महासंघको साझा मुद्धाको रुमपा सवैलाई समेटेर जानसक्नु पर्ने त्यो आफ्नो नेतृत्वले गर्ने उनको दाबी छ। उनले भने "समाचार लेखे पछि चित्त नबुझेमा प्रेस काउन्सिलमा गयर उजुरी गर्न सकिन्छ तर झुटा मुद्धा लगायर पत्रकारलाई प्रेस स्वतन्त्रता माथि हस्तक्षेत गर्न


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कांग्रेसमा क्रियाशील सदस्यताको म्याद पुनःथपियो

**रासस**
**काठमाडौं, ७ बैशाख**

नेपाली कांग्रेसले आसन्न १४औं महाधिवेशनको सन्दर्भमा पार्टीको क्रियाशील सदस्यताको विवरण केन्द्रमा बुझाउने समयावधि पुनःथप गरेको छ । जिल्ला कार्यसमितिले नयाँ क्रियाशील सदस्यता र नवीकरण सूचीको विवरण केन्द्रमा पठाउने अवधि पटकपटक थप्दै आएको कांग्रेसमा सो अवधि यही वैशाख १५ गतेसम्म निर्धारण गरेको छ।

कांग्रेसको सोमबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले क्रियाशील सदस्यता नवीकरण र नयाँ क्रियाशील सदस्यताको 'इन्ट्री' वैशाख १५ गतेभित्र गरी सक्नुपर्ने अन्तिम मिति निर्धारण गरेको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । वैशाख १५ गते राति १२:०० बजे कम्प्युटर सफ्टवेयरमा क्रियाशील सदस्यताको 'इन्ट्री' हुने 'सिस्टम' स्वतःबन्द गरिने बैठकले निर्णय गरेकाले यस अवधिलाई अन्तिम मानिएको छ । यस अघि सो कार्यतालिकाअनुसार जिल्लाले नयाँ क्रियाशील सदस्यता र नवीकरणको सूची केन्द्रमा पठाउने अवधि गत चैत ३० गतेसम्म तोकिएको थियो । क्रियाशील सदस्यता नवीकरण र वितरणसम्बन्धी जिल्लाको प्रतिवेदन भने वैशाख १७ गते साँझ बजेभित्र पार्टी केन्द्रीय कार्यालयमा बुझाई सक्नुपर्ने बैठकले निर्णय गरेको छ। सफ्ट्वेयरमा 'इन्ट्री' भएका क्रियाशील सदस्यता नामावली सरोकारवालाको जानकारीका लागि केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिले पार्टीको वेबसाइटमा सार्वजनिक गर्ने व्यवस्था गरिने पार्टी कार्यालयले जनाएको छ।

त्यस्तै अन्य राजनीतिक दलबाट कांग्रेसमा प्रवेश गरेका सदस्यको क्रियाशील सदस्यता फारम यही वैशाख १५ गतेभित्र केन्द्रीय कार्यालयले जिल्लालाई उपलब्ध गराउने, त्यस्ता फाराम सबै प्रक्रिया पूरा गरी जिल्ला कार्यसमितिले वैशाख मसान्तभित्र केन्द्रमा पुऱ्याइसक्नुपर्ने र त्यसको कम्प्युटर ' इन्ट्री' क्रियाशील सदस्यता छानबिन समितिले नै केन्द्रमा गर्ने गरी व्यवस्था गरिएको पार्टी कार्यालयले जनाएको छ । सिन्धुपाल्चोक र सप्तरीमा हालसम्म क्रियाशील सदस्यताको प्रक्रिया शुरु नभएको एवं बारा र सोलुखुम्बुमा केही समयअघि मात्रै प्रक्रिया शुरु भएको हुनाले ती जिल्लाका हकमा वैशाख मसान्तभित्र जिल्लाबाट केन्द्रको सफ्टवेयरमा इन्ट्री गरिसक्नुपर्ने बैठकको निर्णय छ । मंगलबार विहानसम्म नयाँ र नवीरकण गरी छ लाख १० हजार १३४ क्रियाशील सदस्यता पार्टीको वेभसाइटमा अपलोड भएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रकाश शर्माले जानकारी दिनुभयो। यसमा नयाँ दुई लाख ८९ हजार २२१ र नविकरण तीन लाख २० हजार ९१३ क्रियाशील सदस्यता रहेका छन् । विदेशस्थित पार्टीका जनसम्पर्क समितिका क्रियाशील सदस्यता विवरण भने यसमा समावेश छैन् । कांग्रेसले १३औं महाधिवेशनमा करिब चार लाख ९० हजार क्रियाशील सदस्यता रहेकामा आसन्न १४औं महाधिवेशनसम्म सो संख्याको शतप्रतिशत थप्न पाउने व्यवस्था गरेको छ। कांग्रेसले क्रियाशील सदस्यताको विवरणलाई व्यवस्थित बनाउन सबै जिल्ला कार्य समितिलाई पार्टीको वेबसाइटमा अपलोड गर्ने व्यवस्था गरेको छ। कांग्रेसको नियमावली बमोजिम क्रियाशील सदस्यता नवीकरण शुल्क रु २०० छ भने नयाँ क्रियाशील सदस्यता आवेदन शुल्क रु ३०० रहेको छ। कांग्रेसले १४औं महाधिवेशनका लागि पार्टीको गाउँ/नगर वडा अधिवेशन आगामी असार २० गते, गाउँ/नगरपालिका अधिवेशन असार २२ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असार २५ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार २७ गते तोकेको छ। यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार ३० गते, प्रदेश अधिवेशन आगामी आगामी साउन ६ गते र केन्द्रीय महाधिवेशन आगामी भदौ ७ देखि १० गतेसम्म काठमाडौं गर्ने तालिका निर्धारण गरेको छ।




# एक्सरे मेसिन प्रयोगविहीन हुँदा सेवाग्राही मर्कामा

पोखरापत्र संवाददाता
**पोखरा, ७ बैशाख**

जनस्वास्थ्यलाई ख्याल गर्दै पोखरा महानगरपालिका-२१ स्थित कृष्ति प्राथमिक स्वास्थ्य केन्द्रमा चार वर्षअघि एक्सरे मेसिन ल्याइए पनि दक्ष जनशक्ति नहुँदा सञ्चालनमा आउन सकेको छैन।



स्वास्थ्य बीमा बोर्डले झण्डै रु पाँच लाख बराबरको एक्सरे मेसिन अनुदानमा सहयोग गरे पनि सञ्चालनका लागि प्राविधिक उपलब्ध नहुँदा सो मेसिन प्रयोजनविहीन बनेको हो।

स्वास्थ्यचौकीले पोखरा महानगरपालिका स्वास्थ्य महाशाखासँग जनशक्तिको माग गर्दै आए पनि हालसम्म उपलब्ध नहुँदा मेसिन भएर पनि सामान्य एक्सरे गर्न सो क्षेत्रका बासिन्दालाई पोखरा पठाउनुपरेको स्वास्थ्य केन्द्रका प्रमुख प्रताप पौडेलले जानकारी दिए। उनका अनुसार मेसिन सञ्चालन नहुँदा बिग्रने समस्या बढेको छ भने स्थानीय जनताले पनि असुविधा भोग्नुपरेको छ। केन्द्रमा एक्सरे गर्नुपर्ने १५ देखि २० बिरामी आउने गरेका छन्। स्वास्थ्य बीमाको सुविधासमेत रहेको सो केन्द्रमा आकस्मिक सेवा, प्रयोगशाला, २४ घण्टा प्रसूति सेवा, बच्चाको खोप, इसिजी, परिवार नियोजनलगायतका सेवासहित नेपाल सरकारद्धारा निःशुल्क प्रदान गरिने सबै प्रकारका औषधिसमेत उपलब्ध गराउँदै आएको उहाँले सो केन्द्रको स्थलगत अनुगमनमा पुग्नुभएका गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्मालाई जानकारी गराउनुभयो। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको आर्थिक सहयोगमा स्वास्थ्य केन्द्रको हातामा निर्माण भएको चारवटा सटरसहितको ट्रृष्ट फार्मेसी भवनको अनुगमनका लागि सो स्थानमा पुग्नुभएका शर्माले एक्सरे मेसिन सञ्चालनका लागि आफूले महानगरसँग समन्वय गर्ने विश्वास व्यक्त गरे। सो केन्द्रमा दरबन्दीअनुसार एक चिकित्सक र एक स्टाफनर्ससमेत नहुँदा सेवाग्राहीलाई उपचारमा सोचेजस्तो सेवा प्रदान गर्न नसकिए पनि हाल छात्रवृत्तिमा अध्ययन गरेका एमबिबीएसका तीन विद्यार्थीले स्थानीयवासीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन्। पोखरा महानगर स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्मा पौडेलका अनुसार स्वास्थ्य बीमा बोर्डले एक्सरे मेसिन उपलब्ध गराए पनि आवश्यक जनशक्तिको अभावमा मेसिन सञ्चालन गर्न नसकिएको बताए। पोखराको शिशुवा स्वास्थ्यचौकीमा मेसिन सञ्चालन गरी निरन्तर सेवा प्रदान गर्दै आएको बताउँदै उहाँले बोर्डले उपलब्ध गराएको पोखरा-१६ अर्मला र कृष्ति स्वास्थ्य केन्द्रको मेसिन लामो समयदेखि प्रयोगमा आउन नसकेको जानकारी दिए। कतिपय उक्त मेसिनमा प्रयोग हुने सामग्रीसमेत पाउन कठिन भइसकेको छ। वैकल्पिक व्यवस्था गरेर भए पनि एक्सरे मेसिन सञ्चालन गरेर स्थानीयवासीलाई सुविधा पुऱ्याउन महानगरले पहल शुरु गरेको बताउँदै महाशाखा प्रमुख शर्माले भने, "नजिकै पोखरा बजारमा सबै किसिमका स्वास्थ्य सेवा हुने हुँदा स्वास्थ्यचौकीमा सेवाग्राहीको सङ्ख्यामा समेत कमी हुने गरेको छ।"

# पत्रकार...

खोजिन्छ भने महासंघले जस्तो सुकै आन्दोलनको ज्वारा भाटा ल्याउन पछि पर्दैन्। "पत्रकारको क्षमता अभिबृत्ति र सिप सिक्नको लागि हरेक प्रदेशमा आम संचार प्रतिष्ठान स्थापना गरिने भएको पोखरेलले जनाए। केन्द्रिय सदस्य त्रिभुवन पौडेलले पत्रकारका साझा मुद्धा कान्वयको पक्ष कस्तो हुने भोलिको दिनले बताउने बताए। पत्रकारको सदस्यता वितरण निर्वाचन हुनु भन्दा एक बर्ष अघि नै टुंगाउनु पर्ने बताउदै उनले आफु निरन्तर रुपमा पत्रकारितामा कियाशिल हुने प्रतिवद्द्ता व्यक्त गरे।

महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले महासंघको साख जोगाउने गरी पत्रकारको हकहितमा लाग्ने निरन्तर रुपमा लाग्ने बताइन्। पत्रकारको कल्याणकारी कोष बृद्धि गर्ने पारिवारीक स्वास्थ्य बिमालाई निरन्तरता दिने भण्डारीले दाबी गरिन्। अध्यक्ष भण्डारीका प्रतिद्धोन्दी केशवशरण लामिछानेले महासंघ अब सवै संघ संगठनको साझा थलो हुनु पर्ने बताए। उनले महासंघले कुनै समयमा आफुलाई कुनै जिम्मेवार दिए त्यसलाई पुरा गर्ने वचन दिए।

निर्वाचन कमिटिका संयोजक वद्रीविनोद प्रतिकको अध्यक्षतामा सम्पन्न भएको सपथग्रहण कार्यक्रममा महासंघका संस्थापक अध्यक्ष उमनाथ शर्मा सहित संस्थापक एवं पूर्व अध्यक्षहरुलाई सम्मान गरिएको थियो। महासंघका पदाधिकारी सहितका सदस्यलाई आफ्नो ४ बर्षीय कार्यकाल सफल पार्न सहयोग गरेको भन्दै महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठले धन्यवाद सहित मायाको चिनो प्रदान गरे। उक्त अवसरमा राष्ट्रिय परिषद सदस्य एवं प्रदेश परिषद सदस्यहरुलाई समेत प्रमाण पत्र वितरण गरिएको थियो।

# नाईकर्मी उद्योग वाणिज्य संघमा आउ : कोइराला

पोखरापत्र संवाददाता
**पोखरा, ७ बैशाख**

नेपाल नाई संघ कास्कीले वार्षिक भित्तेपात्रो विमोचन गरेको छ। विमोचन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले नाई संघलाई सहयोग गर्न आफू तयार रहेको बताए।

अध्यक्ष कोइरालाले नाई पेशाकर्मीलाई उद्योग वाणिज्य संघमा आवद्ध हुन आग्रह गर्दै निजी क्षेत्रको योगदानलाई सरकारले भुलेको आरोप लगाए।

पेशागत सुरक्षामा ध्यान दिन नाई संघलाई आग्रह गर्दै बालश्रम उन्मुलन योजनामा साथ दिन अनुरोध गरे। नाई संघका जिल्ला अध्यक्ष विगुलाल ठाकुरको अध्यक्षतामा भएको शुभकामना आदान प्रदान कार्यक्रममा संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष लालबाबु ठाकुरले कोरोना समयमा होसियारी पूर्ण सेवा गर्न अनुरोध गरे।

कार्यक्रममा नेपाल नाई संघ गण्डकी प्रदेशका उपाध्यक्ष सन्तोष ठाकुर, सचिव ध्रुर्व ठाकुर, यातायात मजदुर संघका गण्डकी प्रदेश अध्यक्ष किरणबाबु पन्त, नेपाल कारखाना श्रमिक संघका केन्द्रीय उपमहासचिव केशवराज भट्टराई, नेपाल ट्रेड युनियन कांग्रेस कास्कीका सहसचिव केदार धमला, नाई संघका अगुवा नेता भुनेषकुमार ठाकुर, नाई संघका जिल्ला सचिव दिपा ठाकुर, आनन्द ठाकुर, एनटियुसी कास्कीका युवा समिति संयोजक सूर्य पराजुली लगायतले शुभकामना व्यक्त गरेका थिए।

नाई संघ कास्कीले नेपाली कांग्रेस कास्कीका पार्टी सभापति कृष्ण केसीका पिता स्वर्गीय हर्कबहादुर केसी, नाई संघका वरिष्ठ उपाध्यक्ष लालबाबु ठाकुरका छोरा स्वर्गीय धर्मनाथ ठाकुर र स्वर्गीय अंकुर ठाकुरलाई श्रद्धान्जली व्यक्त गरेको छ। नाई संघ कास्कीले कपाल झर्नबाट रोक्ने पद्धतिबारे प्रशिक्षणसमेत दिएको छ।

# कोरोना संक्रमणबाट मृत्यु

पोखरापत्र संवाददाता
**गोरखा, ७ बैशाख**

गोरखा नगरपालिका-१४ का एक पुरुषको कोरोना सङ्क्रणमबाट मंगलबार मृत्यु भएको छ।

भारतबाट फर्किएका ५५ वर्षीय ती पुरुषको भरतपुर अस्पतालमा उपचारका क्रममा कोरोना सङ्क्रमणबाट मृत्यु भएको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिए। "बिहान करीव ११:३० बजे उपचारका क्रममा मृत्यु भएको पुष्टि परिवारले गरेको छ", वडाध्यक्ष खड्काले भने, "मृतकको शव उतै व्यवस्थापनका लागि परिवारका सदस्य अस्पताल पुगेका छन्।" वैशाख ४ गते स्वास्थ्यमा समस्या आएपछि उपचारका लागि भरतपुर लगिएका ती पुरुषमा सोमबार मात्र कोरोना सङ्क्रमणको पुष्टि भएको थियो। भारतमा लामो समयसम्म रोजगारीका सिलसिलामा रहेका उनी केही समयअघि मात्र घर फर्किएका वडाध्यक्ष खड्काले बताए। कोरोना सङ्क्रमणबाट मृत्यु भए ती पुरुषको सर्म्पकमा आएकाको तत्काल कन्टयाक्ट ट्रेसिङगरी स्वाब सङ्कलनको तयारी भइरहेको उनले जानकारी दिए। सङ्क्रमितको सर्म्पकमा रहेकार्लाइ सुरक्षित रहन आग्रह गरिएको र आवश्यकताअनुसार स्वाब सङ्कलन गरी परीक्षणका लागि पठाइने गोरखा नगरपालिकाका जनस्वास्थ्य निरीक्षक निश्चल अर्यालले जानकारी दिए।

# जमुनाको जमाना

पोखरापत्र संवाददाता
**पोखरा, ७ बैशाख**

पोखराको प्रमुख पर्यटकीय क्षेत्र लेकसाइड पर्यटकको लागि हव हो। विभिन्न देशका पर्यटक ठूलो संख्यामा घुम्न आउँछन्। साइकल वा मोटरसाइकल भाडामा लिएर यहाँको सुन्दरता विचरण गर्न निस्कन्छन्। त्यही दृश्य लेकसाइडमा जन्मेहुर्केकी जमुनाको बालमस्तिष्कमा अमिट छाप बस्यो। साइकल चलाउने रहर पूरा गर्न आमासँग ५ रुपैयाँ मागेर आधा घण्टासम्म भाडामा लिएको साइकल चलाएको उनी सम्झिन्छन्। स्कुल छुट्टि भएपछि जुम्ल्याहा गंगा-जमुना यसैगरी भाडामा साइकल लिएर टाढाटाढासम्म जान थान्थे। बावु रामबहादुर र आमा हरिमाया थापाका जुम्ल्याहा दिदीबहिनीमा गंगा होटल म्यानेज्मेन्ट क्षेत्रमा छिन् भने कान्छी जमुनालाई रहरैरहरमा सिकेको साइकलले नामदाम दुवै दिएको छ।



१३ औं सागमा डाउन हिल साइक्लिङतर्फ रजत पदक विजेता पोखरेली जमुना बल्ल २३ वर्ष भइन्। तालबाराही माविबाट प्लस टूको अध्ययन पूरा गरेकी उनले खेलकुद क्षेत्रमा केही गर्ने लक्ष्य रहेको बताउँछिन्। जमुना भन्छिन्, 'साइक्लिङतर्फ लेडिजको कम सहभागिता छ। नयाँ नयाँको लागि प्रेरणा मिल्ने भएकोले यसैमा लागेकी हुँ।' नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पाँचौं पोखरा स्पोर्टस् अवार्डमा वर्ष उत्कृष्ट महिलातर्फ मनोनयनमा परेकोमा आफूलाई निकै खुसी लागेको उनले बताइन्। भनिन्, 'उत्कृष्ट ३ को मनोनयनमा पर्नु नै ठूलो कुरा हो। खेल क्षेत्रमा लागेमा अवश्य कदर हुँदो रहेछ भन्ने लागेको छ।'

गोरखामा हालै आयोजित फस्ट लिगलिग साइक्लिङ म्याराथन (५४ किमी) प्रतियोगितामा जमुनाले भाग लिएकी थिइन्। प्रतियोगिताको समग्रमा नवौं स्थान तथा गण्डकी प्रदेशबाट कास्य पदक विजेता उनी जमुना २०७७ मा आयोजित प्रथम त्रियुगा खेलकुद महोत्सवमा रजत पदक विजेता पनि हुन्। जमुना पौडी खेलाडी पनि हुन्। पोखरामा भएको आठौं राष्ट्रिय ट्राइथलन-२०७५ मा उनले कास्य पदक जितेकी थिइन्। गण्डकी बोर्डिङ स्कुलमा स्वीमिङ लाइफगार्ड तथा कोच उनी लकडाउन अघिसम्म साइकल टुर्स एण्ड ट्राभल्समा काम गर्थिन्। माउन्टेन बाइकमै मनाङ र जोमसोमको टूर गरेकी उनी एकै दिनमा ८० किमीसम्म पार गरेको बताउँछिन्।

# अब बागलुङमै कोरोना जाँच

पोखरापत्र संवाददाता
**बागलुङ, ७ बैशाख**

मन्त्रीस्तरीय निर्णय भएको दश महिनापछि यहाँस्थित धौलागिरि अस्पतालमा पिसिआर मेशिन जडान भएको छ।

गत वर्ष असार १२ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले धौलागिरिसहित विभिन्न जिल्लाका १० अस्पतालमा पिसिआर मेशिन राख्ने निर्णय गरेको थियो।

ढिलै भए पनि धौलागिरिवासीले पायक पर्ने ठाउँबाट कोरोना जाँचको सुविधा पाउने भएका छन्। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट शैलेन्द्र विक पोखरेलले पिसिआर प्रयोगशाला तयारी अवस्थामा रहेको बताए। 'मेशिन जडान भएर आजैदेखि नमूना परीक्षण शुरु गर्दैछौं', उनले भने, 'केही दिनभित्रैमा नियमित परीक्षण थाल्छौं।' नमूना परीक्षणको रिपोर्ट र सम्बन्धित विशेषज्ञबाट मेशिनको प्राविधिक जाँचपछि औपचारिकरुपमा पिसिआर प्रयोगशाला सञ्चालनमा ल्याउने अस्पतालको तयारी छ। उक्त प्रयोगशाला सञ्चालनमा आउँदा बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाले प्रत्यक्ष लाभ उठाउने छ। हाल धौलागिरि क्षेत्रका चारै जिल्ला कोरोना जाँचका लागि प्रदेश राजधानी पोखरामाथि निर्भर रहनुपर्ने बाध्यता छ। प्रदेशभरिबाट संकलन हुने स्वाबको चापका कारण बेलैमा रिपोर्ट आउन नसक्ने स्थिति छ। गत वर्ष कोरोना महामारी शुरु हुँदाको चरणमा स्वाबको रिपोर्टका लागि हप्तौंसम्म कुनुपर्ने हुन्थ्यो। गण्डकी प्रदेशमै पहिलोपटक २०७६ चैतमा बागलुङकी १९ वर्षीया किशोरीमा कोरोना संक्रमण पुष्टि भएसँगै धौलागिरि अस्पतालमै पिसिआर मेशिन राख्नुपर्ने आवाज उठेको थियो।

ढिलै भए पनि पिसिआर जाँच सेवा शुरु हुँदैछ, यो हामी सबैका लागि सुखद् कुरा हो, मेसु पोखरेलले भने, पिसिआर प्रयोगशालामा चाहिने उपकरण खरिदका लागि कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषमार्फत सरकारले रु एक करोड बजेट उपलब्ध गराएको थियो। यस्तै जनशक्ति व्यवस्थापनमा गण्डकी प्रदेश सरकारबाट रु ४० लाख प्राप्त भएको अस्पतालले जनाएको छ। दुई जना ल्याब टेक्नोलोजिस्टसहित चार जना प्रयोगशालाकर्मी पिसिआर जाँचमा खटिने जनाइएको छ। निर्णय भएको महिनौं बित्दासमेत पिसिआर प्रयोगशाला सञ्चालनमा नआउँदा अस्पतालप्रति बढेको जनसाधारणको गुनासो पनि अब मत्थर हुने भएको छ।

कोरोना महामारीको दोस्रो लहरको जोखिम बढिरहेका बेला अब भने जिल्लामै पिसिआर जाँच सेवाको सुनिश्चितता भएको छ। अस्पतालका अनुसार गत फागुनसम्म कोरोना संक्रमितको संख्या कम देखिए पनि चैत लागेपछि संक्रमित फेरि बढ्न थालेका छन्। अस्पतालको आइसोलेसनमा फागुनमा जम्मा दुई जना संक्रमित रहेकामा गत चैत महिनामा उक्त संख्या बढेर आठ पुगेको थियो।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।
–ग्लेडस्टोन

## सम्पादकीय

# रामनवमीको बढ्दो महत्व

हिन्दुधर्मावलम्बीले भगवान् रामचन्द्रको सम्झनामा रामनवमी पर्व भव्य रुपमा मनाउने गर्दछन । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा 'रामनवमी' पर्व नेपाल ,भारत लगायत हिन्दु धर्म मान्नेहरुले मनाउँछन । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरमा पूजापाठ गरिन्छ । गत वर्ष देखि कोरोना भाइरसको संक्रमणबाट बच्न स्वास्थ्य मापदण्ड जारी गरिएकाले भक्तजनले राम मन्दिरमा भौतिक दूरी कायम गरी पूजा, आराधना एवं दर्शन गर्नेछन् ।

जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लाग्छ । त्रेतायुगमा आजकै दिन अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो । त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ । आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मेका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गरेको वर्णन गर्ने गरिन्छ ।

पितृ, मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रुपमा रामले अयोध्यामा राज्य गरेकोले उनको शासनकाललाई अहिले पनि रामराज्यका रुपमा स्मरण गरिन्छ । सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रुपमा मनुष्यलोकमा जन्म लिएको भन्ने छ। रामकै जस्तो गुण प्राप्त होस् भन्ने कामनाले श्रीरामनवमी पर्व मनाउने गरिएको धर्मशास्त्रविद्हरु बताउँछन् । रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ । आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिएको सम्झनामा श्रीरामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेखछ ।

श्रीरामनवमीका अवसरमा चितवनको माडीस्थित अयोध्यापुरीमा सीतारामको मूर्ति प्रतिस्थापन गरिने भएको छ । प्रतिस्थापनका लागि राम–सीताको मूर्ति रथयात्रासहित चैत्राष्टमीका दिन त्यसतर्फ लागेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा राखिएका ती मूर्तिको रथयात्रा टोलीलाई मंगलबार बिहान प्रधानमन्त्री केपी शर्मा ओलीले विदाइ गरेका थिए । पशुपतिनाथ मन्दिरमा स्वस्तिवाचन र मन्त्रोच्चारणसहित पृथ्वी राजमार्ग हुँदै देवघाटतर्फ पठाइएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालको नेतृत्वमा रथयात्रा गरिएको छ । बुधबार मध्यान्ह १२:३० बजे माडीमा मूर्ति प्रतिस्थापन साइत रहेको छ । प्रतिस्थापनपछि पूजा आराधना, भजनकीर्तनलगायत कार्यक्रमसमेत राखिएको जनाइएको छ ।

गत असारमा प्रधानमन्त्री ओलीले 'रामको जन्मभूमि' अयोध्यापुरीमा राम, सीता, लक्ष्मण र हनुमानका मूर्ति राख्ने घोषणा गरेका थिए । प्रधानमन्त्री ओलीले अयोध्या नेपालमा पर्ने र त्यहाँ राम, लक्ष्मण, सिताको मुर्ति राख्ने घोषणा पछि व्यापक चर्चा पाएको छ । माडीको धार्मिक पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको छ। शुरुमा प्रधानमन्त्री ओलीको अभिव्यक्तिको आलोचना गर्नेहरु अहिले माडीको भ्रमण गरेर धर्मावलम्बीको मन जित्न खोजेका छनोपालको पक्षमा बोल्ने आँट गर्नेलाई प्रोत्साहित गर्नुपर्नेमा उल्टै बिरोधमा उत्रने पनि माडीलाई मणिको रुपमा स्वीकार गर्नु रामनवमीको महत्व बढ्दै जानु हो ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मानसिक तनाव |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चन्चल | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उम्रान
६. अनुहारको दाग, पोतो, डण्डिफोर हटाउन
७. जोंडरक्सी चुरोटको कुलत छुटाउन
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४७०७५९४८, ९८४३६०८५१३

**सटर भाडामा**
पोखरा–१० औद्योगिक क्षेत्रमा अफिस तथा व्यवसायको लागि उपयुक्त सटर भाडामा छ ।
सम्पर्कः
९८४६००२०९५

# पारिश्रमिक कम हुँदा काम गर्नै मान्दैनन् युवा

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ वैशाख

दिनभर गोरु खेद्न सके बेलुका पारिश्रमिक रु ८५० आउँछ । न त तोकिएको काम सक्नैपर्ने दबाब न त कसैले काम लगाउँछ । निर्माणको सीप भएकाले घण्टाका हिसाबमा ज्याला लिन्छन् । बेरोजगार युवाका लागि मौसममा चल्ने कामले मात्रै खर्च चल्दैन । बेमौसममा खाली बसेका युवाले काम पाउँदा नगर्ने भन्ने कुरै रहेन ।

नेपाल सरकारले बेरोजगार युवाका लागि कम्तीमा १०० दिन काम दिने नीतिका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको छ । गाउँपालिका तथा नगरपालिकामार्फत सञ्चालन हुने यो कार्यक्रम कतै प्रभावकारी बनेको छ भने कतै बेरोजगारको चित्त दुखाउने बाटो बनेको छ ।

गाउँमा चलेको पारिश्रमिकको दर नपाएको भन्दै काठेखोला गाउँपालिका–५ बिहुँका युवाले रोजगार कार्यक्रममा सहभागी हुन अस्वीकार गरेका छन् । गत वर्ष सोही कार्यक्रमले दिएको दैनिक ज्याला दरसमेत यस वर्ष घटाएको भन्दै उनीहरु रोजगार कार्यक्रममा सहभागी नभएका हुन् ।

दिनभर काम गर्दा पाउने ५१७ रुपैयाँले परिवारको एकदिनकै खर्च चलाउन कठिन हुने बिहुँका एक युवाले बताउनुभयो । सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनेको दैनिक पारिश्रमिक यो वर्ष ५१७ रुपैयाँ मात्रै तोकेको छ। काम गरेपछि भुक्तानीको प्रक्रियासमेत झण्झटिलो र खर्चिलो भएको भन्दै युवाले काम गर्न नमानेको स्थानीय अगुवा किसान ज्ञानु श्रीष्ले बताउनुभयो ।

मौसममा पाइने खेतीपातीको काम बेमौसममा पाइँदैन । अन्य रोजगारीको स्रोत नभएका १३७ महिला र पुरुष वडामा छन् । बेरोजगारको सूचीमा सूचीकृत भएका युवाले ज्याला कम र प्रक्रिया झण्झटिलो भएको भन्दै काम गर्न नमानेपछि वडाले पाउने बजेट नै फिर्ता जाने अवस्था आएको वडाध्यक्ष शिवप्रसाद कँडेलले बताउनुभयो । "दश जनाको समूह बनाएर नाइके छान्नुपर्ने, कतिपयले नाइकेले लगाएको काम गर्न सकिन्न भनेर काम गर्नै मानेनन्," कँडेलले भन्नुभयो, "वैंकमार्फत भुक्तानी समूहलाई हुने भएकाले युवाले विश्वास गरेनन् ।"

गाउँमा चलेको दरको आधा हुनेगरी सरकारले पारिश्रमिक तोकेकाले उनीहरु कामका लागि तयार नरहेको उहाँले बताउनुभयो । एक सय दिन काम पाउनेले ६० दिनको खर्च चल्नेगरी पारिश्रमिक नपाउने भएकाले काम गर्न नसकेको गुनासो उनीहरुले गर्ने गरेका छन् । कामका लागि आवश्यक सामग्री, दिनको खाजालगायतका सुविधा दिनसके युवा यस कार्यक्रममा आकर्षित हुने उहाँले बताउनुभयो । "दिनभर घोटिएर खर्च नचल्ने के अर्थ ?", स्थानीय ज्ञानमाथ कँडेलले भन्नुभयो, "कम्तीमा न्यूनतम चलेको ज्यालादर राज्यले दिनुपर्छ ।" वडाले पहिलो चरणमा काम गर्नका लागि ३० जनाको नाम प्राथमिकताका आधारमा गाउँपालिकालाई सिफारिस गरेको थियो । पहिलो १०० दिनका लागि काम गर्ने युवासमेत तयार नभएपछि प्रक्रियामा जान नसकेको कँडेलले बताउनुभयो । सूचीकृत हुनका लागि उत्साहित भएर वडा कार्यालय पुगेका युवा काम पाउने बेला वडाको नजिकै नपरेको वडा कार्यालयको अनुभव छ ।

# अन्नपूर्ण हिमाल आरोहीलाई सम्मान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ वैशाख

यस वर्षको पहिलो वसन्तयाममा किलर माउण्टेनको रूपमा परिचित विश्वको दशौँ अग्लो अन्नपूर्ण (प्रथम) हिमालको वैशाख ३ गते शुक्रबार एकैदिन ६७ जनाले सफल आरोहण गरेर कीर्तिमानी कायम गरेका छन् ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालमा वैशाख ३ गते पत्रकार पूर्णिमा श्रेष्ठलगायत छ नेपाली महिलासँगै ६७ जनाले अन्नपूर्ण हिमालको सफल आरोहण गरेको पथप्रदर्शक पेम्बा शेर्पाले बेनीमा आयोजित स्वागत कार्यक्रममा जानकारी दिनुभयो । पत्रकार श्रेष्ठसहित दावा याङजुम शेर्पा, पासाङल्हामुशेर्पा,माया शेर्पा, शर्मिला सेडताङ र डावुटी शेर्पासहित छ महिलाले एकैदिन सफल आरोहण गरेका थिए । यसअघि अन्नपूर्ण हिमालमा नेपाली महिला आरोहीले सफल आरोहण गर्न सकेका थिएनन् । अन्नपूर्ण बेसक्याम्पबाट छ दिनको यात्रासँगै अगस्त १६ तारिख (२०७८ वैशाख ३ गते) चुचरामा टोली पुगेको थियो । अगस्त १६ तारिखमा छ नेपाली महिलासँगै ६७ जनाले अन्नपूर्णको सफल आरोहण भएको शेर्पाले बताउनुभयो । सेभेन समिट ट्रेकबाट आरोहणका लागि गएको १७ जनाको टोलीमा १५ जनाले सफल आरोहण गरेको जनाइएको छ । श्रेष्ठसहितको टोलीले वैशाख ३ गते शुक्रबार बिहान १:१५ बजे अन्नपूर्णको चुचुरोमा पुगेका शेर्पाले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार बेसक्याम्पदेखि छ दिनको यात्रामा अन्नपूर्ण हिमालको चुचुरामा पुग्दा धेरै खतरा र जोखिम टोलीले मोलेको थियो । खाना, अक्सिजन, डोरीलगायतका सामग्री हेलिकोप्टरबाट मगाएर सफल आरोहण गर्न टोली सफल भएको शेर्पाले बताउनुभयो । सुन्दर ठाउँमा अवस्थित अन्नपूर्ण हिमालको बेसक्याम्पसम्म सरकारलगायतको लगानीमा होटल, सार्वजनिक ठाटी, टहरा, बनाउन शेर्पाले आग्रह गर्नुभएको छ । फ्रान्सेली नागरिक मौरिस हर्जोग र लुइ ल्याकेनलले ७० वर्ष पहिले अन्नपूर्ण चुचुरोमा पहिलो मानव पाइला टेकेका थिए । उनीहरूले सन् १९५० को जुन ३ तारिख अर्थात् विसं २००७ जेठ २१ गते अन्नपूर्णको सफल आरोहण गरेका थिए ।

# सामाजिक दूरी कायम गर्दै कालिकामा पूजा

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ वैशाख

गण्डकी प्रदेशकै प्रसिद्ध बागलुङ कालिका भगवती मन्दिरमा मंगलबार बिहानैदेखि भक्तजनको भीड लागेको छ।

कोरोना महामारीबीच कालिकामा देशका विभिन्न स्थानबाट भक्तजन पुगेका हुन् । चैत्राष्टमीको अवसर पारेर कालिका दर्शन गर्न आउने भक्तजन बढेका हुन् । वार्षिक छ लाखभन्दा धेरै दर्शनार्थी आउने गरेको मन्दिरमा गत वर्ष कोरोना महामारीका कारण बन्द रहेकाले भक्तजनले दर्शन गर्न पाएका थिएनन् । यस वर्ष पनि चैत्राष्टमीको दुर्गापूजा शुरु भएसँगै भीडभाड बढेको कालिका भगवती गुठीका अध्यक्ष राजु खड्काले बताउनुभयो । भक्तजनलाई सामाजिक दूरी कायम गर्दै पूजाआजामा सहभागी गराइएको छ। नेपालका धेरै शक्तिपीठमध्ये बागलुङ कालिका गण्डकी प्रदेशको प्रमुख स्थानका रूपमा चिनिन्छ । धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वको प्रसिद्ध शक्तिपीठ भएकाले बडादशैं र चैतेदशैंमा हजारौँ भक्तजनको भीड लाग्छ । आजै १५ हजार भक्तजनले मन्दिरको दर्शन गरेका थिए । भक्तालुको आगमनलाई मध्यनजर गर्दै कालिका गुठीले मन्दिरको व्यवस्थापन गरेको छ । सामाजिक दूरी कायम गराउन स्वयंसेवक परिचालन गरिएको छ । पूजापाठ र बलिका लागि छरितो बनाइएको छ । भक्तजनका लागि पूजामा सहजीकरण, बलि व्यवस्थापन, यातायातको पार्किङ, सरसफाइ र खानपिनलाई सुरक्षित बनाउन विभिन्न तयारी भएका छन् । कोरोनाको जोखिमलाई कम गर्न ज्वरो नापेर मात्रै मन्दिर प्रवेश गराइएको छ । पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी राजकुमारी विश्ववादेवीसँग विवाह गर्दा राजकुमारीले पाल्पा माभ्कि देवी कालिकालाई पनि साथैमा ल्याएकाले कालीगण्डकी नदी किनारमा रहेको जङ्गलमा विधिपूर्वक स्थापना गरिएको पाइन्छ । त्यसपछि कालिकाको नियमित पूजा भइरहेको जनश्रुति छ ।

मन्दिरमा दर्शन गर्न आउनेले सन्तान प्राप्त हुने, शक्ति प्राप्त हुने र मनोकाङ्क्षा पूरा हुने विश्वास गर्छन् । अहिले बागलुङ, पर्वत, म्याग्दी, कास्की, चितवनसहित देशभरका विभिन्न स्थानबाट कालिकाप्रति धेरै विश्वास मान्ने दर्शन गर्न आउँछन् । भारतीय र तेस्रो मुलुकका पर्यटक पनि आउने गरेको खड्काले बताउनुभयो ।

बडादशैं र चैतेदशैंमा बागलुङ कालिकामा ठूलो मेला लाग्छ । यो वर्ष कोरोना महामारीलाई मध्यनजर गरेर मेला भने आयोजना गरिएको छैन । त्यतिखेला हजारौं भक्तजनले पूजा गर्ने, पञ्चबलि दिने र नाचगान गर्ने चलन छ । कालिका मन्दिरको चारै दिशामा ढोका छन् । पूर्वको ढोका कहिल्यै पनि खोलिँदैन ।

# भारतमा संक्रमित संख्या एक करोड ५३ लाख नाघ्यो

**रासस**
काठमाडौं, ७ वैशाख

भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड ५३ लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ।

सो मन्त्रालयले मङ्गलबार दिएको जानकारीअनुसार कोरोना शुरु भएयता भारतमा हालसम्म एक करोड ५३ लाख २१ हजार ८९ जना कोरोना सङ्क्रमित भएका छन् । भारतमा कोरोनाभाइरसबाट एकै दिनमा दुई लाख ५९ हजार १७० सङ्क्रमित भएका छन् । त्यसैगरी सोही अवधिमा भारतमा एक हजार ७६१ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको मङ्गलबार जनाइएको छ । पछिल्लो विवरणसँगै भारतमा कोरोनाभाइरसबाट कुल मृतकको सङ्ख्या एक लाख ८० हजार ५३० पुगेको देखिएको छ ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने २० लाख ३१ हजारभन्दा बढी पुगेको अधिकारीले जानकारी दिएका छन् । योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या एक करोड ३१ लाख आठ हजार ५८२ पुगेको छ ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १२ करोड ७० भन्दा लाख व्यक्तिले खोप लगाएका छन् । कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ । भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन् ।

भारतमा सोमबार मात्रै १५ लाख १९ हजार ४८६ जनाको कोरोना परिक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ । अप्रिल २० सम्म कूल २६ करोड ९४ लाखभन्दा बढीले कोरोना परीक्षण गरिएको पनि परिषद्ले उल्लेख गरेको छ। भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यको रुपमा रहेको छ । दिल्लीमा आइतबार एकै दिनमा २५ हजार ५०० जना कोरोना भाइरस सङ्क्रमित भएका १६१ जनाको मृत्यु भएको थियो ।

# तनहुँसुर र मेलामा दश हजार आन्तरिक पर्यटक

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ वैशाख

व्यासनगरपालिका–११ स्थित ऐतिहासिकस्थल तनहुँसुरमा आयोजना गरिएको पर्यटन सम्पदा वातावरण मेलामा करीब १० हजार आन्तरिक पर्यटकले अवलोकन गरेका छन् । आइतबार र सोमबार गरी दुई दिनको अवधिमा विभिन्न क्षेत्रबाट तनहुँसुरमा रहेको ऐतिहासिक सम्पदाको अवलोकन तथा मेला हेर्नका लागि आन्तरिक पर्यटक गएका हुन् । उक्त कार्यक्रममा तनहुँका विभिन्न क्षेत्र, छिमेकी गोरखा, लमजुङ, कास्कीलगायतका स्थानबाट आन्तरिक पर्यटकको आगमन रहेको आयोजक समितिले बताएको छ । बसाइँसराइले उजाड बन्दै गएको तनहुँसुर क्षेत्रलाई पुनः हराभरा बनाउन र यहाँका विविधताको प्रचारप्रसार गर्ने उद्देश्यले यही वैशाख ५ देखि ७ गतेसम्म उक्त मेला महोत्सवको आयोजना गरिएको हो।

दोस्रो दिन सोमबारको कार्यक्रममा गण्डकी प्रदेश सभासदस्य सरिता गुरुङले तनहुँसुरको पर्यटन विकासका लागि गण्डकी प्रदेश सरकारबाट सक्दो पहल कदमी थालिने बताउनुभयो । उहाँले ऐतिहासिक सम्पदा राष्ट्रको सम्पत्ति भएकाले यसको संरक्षण सम्वर्द्धन गर्दै पर्यटकीय गन्तव्यस्थलका रूपमा परिचित गराउन लाग्नुपर्नेमा जोड दिनुभयो । उक्त स्थलमा पुरातात्विक विभागले तनहुँसुरमा पछिल्लो समय भएका गतिविधिको फोटो प्रदर्शनी तथा ऐतिहासिक सम्पदाको फोटो प्रदर्शनी गरेको थियो ।

उक्त मेलामा स्थानीय समुदायको आयोजनामा प्राङ्गारिक खानाको परिकारले पाहुनालाई स्वागत सत्कार गरिएको थियो । सेलरोटी, तरुल, ब्याकुर, गुन्द्रुक, भट्ट, मकै, सिस्नोको सुप, लोकल कुखुराको मासु, फापर, टर्की, सुँगुरको अधिकतम प्रयोग गरी पकाइएका परिकार कक्षमा समावेश गरिएको थियो ।

## कम्पनी खरिद बिक्री सम्बन्धमा सूचना

ब्यास नगरपालिका वडा नं. १ को छाब्दी बाराही अर्गानिक बहुउद्देश्य फर्म प्रा.लि.को दं. नं. २४३९३०/०७७/०७८ दर्ता मिति: २०७७/०६/१८, स्थायी लेखा नं. ६०९८१६९६५, आन्तरिक राजस्व कार्यालय २०७७/०६/२५ गते दर्ता भएको कम्पनी मिति २०७७/११/१७ मा बिक्री भएको जानकारी गराउँदै । उक्त कम्पनी पार्वती सापकोटा डुमरवाना–८ बारा सिमरले खरिद गरेको हुदाँ यस कम्पनीको चलअचल सम्पत्ती र हिमालयन बैंक पोखरा रामबजार शाखाको जग्गा फराकचौर नक्सा नं. ७/ङ को कि.नं. ५२२, २१२, ९८४, ७९९, २१३, २२, ४१९, ४२३, ५२३, ९८५, ८००, ८०१, ८०२, ८०३ र २०९ र क्षेत्रफल १२० रोपनी भएको जग्गा समेत आठ करोड सात लाख बाहेक अन्य कुनै व्यक्ति, संघसंस्थाको लेना देना भए यस कम्पनी खरीद कर्ताले यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र जानकारी गराउनुहोला अन्यथा खरिद कर्ताको कुनै जवाफदेही नहुने सम्बन्धित सबैलाई जानकारी गराईन्छ।
खरिद कर्ता: पार्वती सापकोटा
डुमरवाना–८, वारा सिमरा, सम्पर्क नं. ९८०७७९१९१४

# घर जलेपछि टहरामा बास

**पोखरापत्र संवाददाता**
दमौली, ७ वैशाख

तनहुँको आँबुखैरेनी गाउँपालिका–६ का सन्त भुजेलको घर गत चैत ३१ गते आगलागीबाट नष्ट भयो । आगलागीबाट घरमात्र जलेन, घरमा भएका लत्ताकपडा र खाद्यान्न पनि नष्ट भयो।

घर जलेपछि भुजेल परिवारको टहरामा बास भएको छ। अर्थावस्था नाजुक रहेको यो परिवार अहिले गाँस न बासको अवस्थामा पुगेको छ । जलेकै घर छेउ रहेको बारीमा टहरो बनाएर उहाँको परिवार यतिबेला दैनिकी गुजारिरहेको छ । परिवारमा सात जना सदस्य छन् । सबैजना टहरोमा नै बसिरहेका छन्। उहाँहरुलाई हावाहुरी र पानी पर्दा समस्या हुने गरेको छ । भुजेल परिवारको दयनीय अवस्थाका बारेमा जानकारी पाएपछि जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य एवं भुजेल समाज तनहुँका सचिव पृथ्वी भुजेलले सहयोग सङ्कलन अभियान शुरु गर्नुभएको छ । उहाँको पहलमा सङ्कलित खाद्यान्न तथा लत्ताकपडा सोमबार पीडित परिवारलाई हस्तान्तरण गरिएको छ। "खाद्यान्न, लत्ताकपडा, भाडावर्तनलगायत केही सामग्री पीडित परिवारलाई हस्तान्तरण गर्यौं, उक्त खाद्यान्नले १५/१६ दिनलाई पुग्छ", भुजेलले भन्नुभयो । पीडित परिवारलाई तीन बोरा चामल, दाल, तेल, लत्ताकपडा, भाडावर्तन सहयोग गरिएको छ । पीडितका लागि घर निर्माण गर्न जस्तापाता जुटाउने अभियान पनि शुरु भएको भुजेलले जानकारी दिनुभयो । "तत्कालका लागि खानाको व्यवस्था त भयो, अब आगलागीबाट जलेको घरलाई पुनःनिर्माण गर्न पाए उहाँहरुलाई सहज हुन्थ्यो", उहाँले भन्नुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्म :
२००८/०८/१० गते

स्वर्गारोहण :
२०७८/०१/०१ गते

## स्व. सुक माया गुरुङ

हाम्रा आत्मीय मित्र प्रेम गुरुङ एवं दाइ किरण गुरुङ, बहिनी केशी गुरुङ तथा पिता कुल प्रसाद गुरुङकी धर्मपत्नी **सुक माया गुरुङ** को ७० वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडीको आज आठौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ध्रुबराज गौतम**
**अध्यक्ष**
## B13 हङकङ परिवार